तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश नेपाल
तानसेन,पाल्पा

☎ ०७५-५२०७०९,५२०८९३,५२०९०९,५२०७२९
info@tansenmun.gov.np
ito. tansenmun@gmail.com

प .स.: २०८३/०८४
च.नं

मितिः २०८३/०६/३०

शुभकामना

नेपालीहरूको महान् पर्वहरू बडादसैं, शुभ दीपावली, नेपाल संवत् ११४७ र छठ पर्व २०८३ को पावन अवसरमा तानसेन नगरपालिकावासी लगायत सम्पूर्ण नेपालीजनमा हार्दिक शुभकामना प्रकट गर्दछौं ।

रसुवा लगायत देशका विभिन्न स्थानमा बाढी, पहिरो, डुबान तथा अन्य प्राकृतिक विपत्तिबाट ठुलो जनधनको क्षति भएको यो विषम अवस्थामा, प्रभावित नागरिकहरूको शीघ्र पुनःस्थापना र जनजीवन सामान्य अवस्थामा फर्किंयोस् भन्ने कामना गर्दछौं। विषम परिस्थितिमा पनि हाम्रा चाडपर्वहरूले दुःख र पीडालाई सामना गर्ने साहस, आपसी सहयोग, पारिवारिक एकता र सामाजिक सद्भाव अभिबृद्धि गर्दै नयाँ आशा, उत्साह र हौसला प्रदान गरून्। विपत्तिमा परेका परिवारप्रति सहयोग र सहानुभूति प्रकट गर्दै एकअर्काको सुख दुःखमा साथ दिने भावना अझ सुदृढ बनोस्। विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी र सुरक्षित समाज निर्माणका लागि सबै पक्षबीच सहकार्य र एकताको भावना विकसित हुँदै समृद्ध, सुरक्षित र सुखी समाज निर्माण गर्ने प्रेरणा यी महान् चाडपर्वले प्रदान गरून् भन्ने हार्दिक कामना गर्दछौं ।

यी महान् चाडपर्वहरूले हामी सबैलाई व्यक्तिगत स्वार्थभन्दा माथि उठेर सामूहिक हित, सामाजिक उत्तरदायित्व र राष्ट्रिय विकासप्रति समर्पित हुन प्रेरणा प्रदान गरून्। दुःखमा परेकालाई सहयोग गर्ने, विपत्तिमा परेकालाई साथ दिने, विविधताको सम्मान गर्ने र समाजमा प्रेम, सद्भाव तथा सहकार्यको भावना अभिवृद्धि गर्ने संकल्प गरौं। पारिवारिक भेटघाट, आत्मीयता र आपसी मेलमिलापका माध्यमबाट सम्बन्धहरू अझ प्रगाढ बनून् तथा हाम्रा मौलिक संस्कृति र परम्पराको संरक्षण गर्दै भावी पुस्तामा हस्तान्तरण गर्ने प्रेरणा मिलोस्। हाम्रो सामूहिक प्रयासबाट शान्त, सुरक्षित, सुशासित, समृद्ध र समुन्नत नेपाल निर्माण गर्ने यात्रामा थप ऊर्जा र उत्साह प्राप्त होस्। अन्त्यमा, विजयादशमी, शुभ दीपावली, नेपाल संवत् ११४७ तथा छठ पर्व २०८३ को सुखद अवसरमा जनप्रतिनिधि, बुद्धिजीवी, सञ्चारकर्मी, उद्यमी, व्यवसायी, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, श्रमिक, विद्यार्थी, ज्येष्ठ नागरिक तथा सम्पूर्ण तानसेनवासी र नेपालीजनमा सुख, शान्ति, सुस्वास्थ्य, दीर्घायु, समृद्धि र सफलताको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

चेतनाथगिरी
प्रमुख प्रशासकीय अधिकृत

प्रतिक्षा सिंजाली
नगर उपप्रमुख

सन्तोषलाल श्रेष्ठ
नगर प्रमुख
एवम् तानसेन नगरपालिका परिवार